# जलवायुमैत्री प्रविधि प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०८२

*(मा. मन्त्रिस्तरबाट स्वीकृत मितिः २०८२/०५/१५)*

**प्रस्तावनाः** जलवायु परिवर्तनबाट हुने असर र प्रभाव न्यूनीकरणका लागि जलवायुमैत्री असल कृषि अभ्यास मार्फत कृषकको उत्थानशील क्षमता अभिवृद्धि गर्दै कृषि व्यवसायलाई ग्रामीण पर्यटनसँग जोडी कृषि व्यवसायलाई दीगो र भरपर्दो पेशाको रुपमा विकास गर्ने उद्देश्यले जलवायुमैत्री प्रविधि प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालनार्थ "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकार, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले यो मापदण्ड तयार गरेको छ।

**१. प्राविधिक पक्षः**

(१) जलवायुमैत्री प्रविधि प्रवर्द्धन सम्बन्धी कार्यक्रम अन्तरगत जलवायुमैत्री कृषि प्रविधि प्रवर्द्धन सम्बन्धी कार्यक्रम र ग्रामीण कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन हुनेछन्।

(२) जलवायुमैत्री कृषि प्रविधि प्रवर्द्धन कार्यक्रम सञ्चालन देहाय बमोजिम हुनेछ।

(क) यस कार्यक्रम जलवायुजन्य जोखिमका दृष्टिले तुलनात्मक रुपमा बढी संवेदनशील रहेको क्षेत्र तथा क्लष्टरमा सञ्चालन हुनेछ। कार्यक्रम सञ्चालनका लागि प्रति क्लष्टर १० देखि २५ घरधुरी संलग्न हुनुपर्नेछ।

(ख) खण्ड (क) बमोजिमको क्षेत्र तथा क्लष्टर छनोट गर्न र छनोट भएका क्लष्टरमा सञ्चालन गरिने कार्यक्रम तथा क्रियाकलाप निर्धारण गर्न जिल्लास्तरमा देहाय बमोजिमको एक समिति रहनेछ।

| | |
|---|---|
| कृषि ज्ञान केन्द्रको प्रमुख | संयोजक |
| जिल्ला समन्वय अधिकारी | सदस्य |
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प्रमुख | सदस्य |
| डिभिजन वन कार्यालयको प्रमुख | सदस्य |
| कार्यक्रम हेर्ने कृषि ज्ञान केन्द्रको फोकल अधिकृत | सदस्य-सचिव |

समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषय क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ।

(ग) खण्ड (ख) बमोजिमको समितिले देहायका विषयका आधारमा जलवायुजन्य जोखिमका दृष्टिले तुलनात्मक रुपमा बढी संवेदनशील रहेका स्थानीय तह छनोट गर्नेछ।

(अ) जलवायुजन्य प्रकोप तथा जोखिमको अवस्था

(आ) समुदायको सामाजिक-आर्थिक अवस्था

(इ) भौगोलिक बिकटता

(ई) खाद्य सुरक्षाको अवस्था

(उ) समितिले तोकेका अन्य मनासिव आधारहरु

(घ) खण्ड (ग) बमोजिम छनोट भएका स्थानीय तहमा जलवायुजन्य जोखिमका दृष्टिले तुलनात्मक रुपमा बढी संवेदनशील रहेको क्लष्टर सिफारिसका लागि कार्यालयले पत्राचार गर्नुपर्नेछ।

(ङ) स्थानीय तहबाट सिफारिस भई आएका क्लष्टरमा समितिले सम्बन्धित स्थानीय तहको कृषि शाखाको प्रमुखसँगको समन्वयमा लक्षित समूह छलफल (FGD) र मुख्य सरोकारवाला अन्तरवार्ता (KII) मार्फत अनुसूची-१ बमोजिम संकटासन्नता विश्लेषण गरी जोखिमका दृष्टिकोणले तुलनात्मक रुपमा बढी संवेदनशील देखिएको क्लष्टर कार्यक्रम सञ्चालनको लागि छनोट गर्नुपर्नेछ। छनोट भएका क्लष्टरमा जोखिममा रहेको घरधुरीलाई प्राथमिकीकरण गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(च) क्लष्टरमा सञ्चालन गरिने कार्यक्रम तथा क्रियाकलापहरु समितिले निर्धारण गरे बमोजिम हुनेछ। यसरी निर्धारण गरिएका कार्यक्रम तथा क्रियाकलापहरु सम्बन्धी विवरण कार्यालयले तेस्रो त्रैमासिक भित्र अनिवार्य रुपमा मन्त्रालयमा पेश गर्नुपर्नेछ।

(छ) यस मापदण्ड बमोजिम छनोट हुने क्लष्टरमा देहायका कार्यक्रम र क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

(अ) माटो सुधार सम्बन्धी कार्यक्रमः यस कार्यक्रम अन्तर्गत माटोको स्वास्थ्य प्रवर्द्धनका लागि कोसेबाली उत्पादन प्रवर्द्धन, मिश्रित खेती प्रणाली प्रवर्द्धन, हरियो मल प्रवर्द्धन, गोबरमल तथा गडयौली मल उत्पादन र प्रयोग, माटो परीक्षणको नतिजाको आधारमा कृषि चुन वितरण जस्ता प्रवर्धनात्मक क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

(आ) सिँचाइ सम्बन्धी कार्यक्रम: यस कार्यक्रम अन्तर्गत सिँचाइ व्यवस्थापनका लागि थोपा सिँचाइ तथा आकासे पानी संकलनका लागि पोखरी निर्माणमा सहयोग उपलब्ध गराउन सकिनेछ।

(इ) उत्पादन प्रवर्द्धन सम्बन्धी कार्यक्रमः यस कार्यक्रम सञ्चालनका लागि छनोट भएका क्लष्टरमा देखा पर्ने जलवायुजन्य प्रकोप तथा जोखिमका आधारमा कृषि उत्पादन प्रवर्द्धनका लागि संरक्षित संरचना निर्माण, असिना छेक्ने जाली, छापो प्रविधि, मलमूत्र संकलन तथा

संरक्षण, सुख्खा/खडेरी/पानी/रोगकिरा सहन सक्ने बाली/जातको प्रयोग जस्ता प्रवर्धनात्मक क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

(ई) कृषि वन प्रणाली, प्राकृतिक खेती सम्बन्धी कार्यक्रम

(उ) जलवायुमैत्री कृषि प्रविधि सम्बन्धी जनचेतना तथा क्षमता अभिवृद्धि कार्यक्रम

(ऊ) जलवायु अनुकूलन तथा न्यूनीकरण सम्बन्धी अन्य कार्यक्रम

(३) ग्रामीण कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम देहाय बमोजिम हुनेछ।

(क) जिल्लाको ग्रामीण क्षेत्रमा सञ्चालनमा रहेका होमस्टे, फार्मस्टे, रैथाने कृषि उपज प्रवर्द्धन गर्ने होटल, सामुदायिक पाहुना घर रहेको वडामा यो कार्यक्रम सञ्चालन गरिने छ। वडा भित्रका कृषि सम्बन्धी फर्म, समूह तथा कृषि सहकारी संस्थामार्फत यो कार्यक्रम सञ्चालन गरिनेछ।

(ख) छनोट भएका कृषि सम्बन्धी फर्म, समूह तथा कृषि सहकारी संस्थाले रैथाने तथा स्थानीय बाली वा तरकारी बाली वा फलफूल बालीको व्यावसायिक उत्पादन गर्नुपर्नेछ।

(ग) कार्यक्रम सञ्चालन गर्ने संस्थाले कम्तीमा देहाय अनुसारको क्षेत्रफलमा खेती गर्नुपर्नेछ।

| बाली | न्यूनतम क्षेत्रफल (रोपनीमा) | |
|---|---|---|
| | समूह/सहकारी | कृषि फर्म/कम्पनी |
| तरकारी | २० (संरक्षित संरचनामा खेती गर्ने भएमा १००० वर्ग मिटर) | ५ (संरक्षित संरचनामा खेती गर्ने भएमा १४० वर्ग मिटर) |
| रैथाने बाली | २० | ५ |
| फलफूल | ३० | १० |
| मसला तथा निर्यातजन्य बाली | २० | ५ |

(घ) छनोट भएका आवेदकले रैथाने तथा स्थानीय बाली तथा वस्तुको उत्पादन, प्रशोधन तथा बजारीकरण प्रवर्द्धन सम्बन्धित क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

(ङ) उत्पादित कृषि उपजजको विक्रिवितरणका लागि उत्पादक फर्म तथा संस्थाले होमस्टे वा फार्मस्टे वा रैथाने प्रवर्द्धन गर्ने होटल वा सामुदायिक पाहुना घरसँग पूर्व खरिद सम्झौता गर्नुपर्नेछ।

२. <u>आर्थिक पक्षः</u>

(१) स्वीकृत बजेटको परिधिभित्र रही कृषि अनुदान सम्बन्धी क्रियाकलापहरुमा अनुदानको सीमा "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" बमोजिम हुनेछ।

(२) कृषि पूर्वाधार निर्माण (समुदायस्तर लाभान्वित हुने साना सिँचाइ संरचना निर्माण तथा मर्मत र उत्पादनसँग सम्बन्धित पूर्वाधार निर्माण) कार्यमा बढीमा ९० प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ।व्यक्तिगत कृषि फर्मको हकमा बढीमा ५० प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ।

(३) आवश्यकताका आधारमा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले कार्यक्रममा विनियोजित कुल बजेटको ३% नबढ्ने गरी अभिमुखीकरण कार्यक्रम तथा अनुगमन मूल्याङ्कनमा खर्च गर्न सक्नेछ।

३. <u>ग्रामिण कृषि पर्यटन प्रवर्द्धन कार्यक्रममा अनुदानग्राही छनोटका आधारहरु</u>

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अङ्कभार |
|---|---|---|
| **(१)** | **कार्यक्रम सञ्चालन हुने क्षेत्रफल/व्यवसायको आकार** | ४० |
| (क) | तोकिएको न्यूनतम क्षेत्रफल/व्यवसायको आकार | २० |
| (ख) | तोकिएको न्यूनतम क्षेत्रफल भन्दा प्रत्येक ५% बृद्धिको लागि १ अङ्क सहित बढीमा २० अङ्क | २० |
| **(२)** | **अनुदानको अवस्था** | **२०** |
| (क) | हालसम्म कुनै पनि कृषि अनुदान प्राप्त नगरेको | २० |
| (ख) | विगत २ आ.व. मा कृषि अनुदान प्राप्त नगरेको र क्षेत्रफल वृद्धिका लागि प्रस्ताव पेश गरेमा | १० |
| (ग) | विगत २ आ.व. मा कृषि अनुदान प्राप्त गरेको भएता पनि क्षेत्रफल वृद्धि हुने भएमा | ५ |
| **(३)** | **सम्बन्धित कृषि व्यवसायमा अनुभव** | १० |

| | | |
|---|---|---|
| (क) | सम्बन्धित कृषि व्यवसायमा २ वर्ष भन्दा बढीको अनुभव भई कार्य गरी आएको | १० |
| (ख) | सम्बन्धित कृषि व्यवसायमा २ वर्ष भन्दा कम अनुभव भएको | ७ |
| **(४)** | **व्यावसायिक योजना** | **१०** |
| **जम्मा** | | **८०** |

४. **निवेदनसँग संलग्न गर्नुपर्ने कागजातहरु:**

(१) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा १७ को उपदफा (३) बमोजिमका कागजपत्रहरुको अतिरिक्त देहायका कागजातहरु संलग्न गर्नु पर्नेछ।

(क) समूह/सहकारीको बैठक निर्णयको प्रतिलिपि,

(ख) खेती गरिने यथार्थ क्षेत्रफल सम्बन्धी विवरण खुलेको प्रस्तावित क्षेत्रको जग्गाधनी पूर्जाको प्रतिलिपि र जग्गा लिजमा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा न्यूनतम १० वर्षको करार सम्झौताको प्रतिलिपि।

(२) निवेदनको ढाँचा र कार्यक्रम प्रस्तावको ढाँचा "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा १७ को उपदफा (२) बमोजिमको हुनेछ।

**५. संशोधन:** मन्त्रालयले आवश्यकता अनुसार यो मापदण्ड संशोधन गर्न सक्नेछ।

**६. प्रचलित कानुन बमोजिम हुने:** यो मापदण्डमा उल्लेख भएका विषयहरु यसै बमोजिम र अन्य विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ।

**७. खारेजी र बचाउ:** (१) जलवायुमैत्री कृषि प्रविधि प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०८१ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमका मापदण्ड अनुसार भए गरेका काम कारबाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची-१

## कार्यक्रम सञ्चालन हुने क्लष्टर छनोटका लागि जलवायुजन्य जोखिम र संकटासन्नता विश्लेषण प्रश्नावली

<table>
<tr><td colspan="5">(क) सामाजिक-आर्थिक विवरण</td></tr>
<tr><td colspan="5">१. क्लष्टर रहेको ठेगानाः</td></tr>
<tr><td colspan="5">२. जम्मा घरधूरी संख्याः</td></tr>
<tr><td rowspan="2">३. उमेर समूह</td><td>१५ वर्ष मुनि</td><td>१५-५९ वर्षका</td><td>६० वर्ष माथिका</td><td></td></tr>
<tr><td>महिलाः<br>पुरुषः</td><td>महिलाः<br>पुरुषः</td><td>महिलाः<br>पुरुषः</td><td></td></tr>
<tr><td rowspan="2">४. जात</td><td>ब्राह्मण</td><td>क्षेत्री</td><td>आदिवासी जनजाती</td><td>दलित</td></tr>
<tr><td>अन्यः</td><td></td><td></td><td></td></tr>
<tr><td>५. आयश्रोत विवरण</td><td colspan="2">कृषिमा आश्रित घरधूरी संख्याः</td><td colspan="2">वैदेशिक रोजगारीमा आवद्ध घरधुरी संख्या</td></tr>
<tr><td></td><td colspan="4">अन्य पेशामा आवद्ध घरधुरी संख्याः</td></tr>
<tr><td>६. कृषि पेशाको प्रकृति</td><td colspan="2">निर्वाहमुखी घरधुरी संख्याः</td><td colspan="2">व्यावसायिक घरधुरी संख्याः</td></tr>
<tr><td>७. वार्षिक आम्दानी विवरण</td><td colspan="2">एक लाख भन्दा कम आम्दानी हुने घरधुरी संख्याः</td><td colspan="2">एक लाख भन्दा बढी आम्दानी हुने घरधुरी संख्याः</td></tr>
</table>

<table>
<tr><td colspan="5">८. जमिनको उपलब्धता र खाद्य उत्पादन विवरण</td></tr>
<tr><td>खेतीयोग्य जमिनको क्षेत्रफल (रोपनी)</td><td colspan="4"></td></tr>
<tr><td>खेती गरिएको जमिनको क्षेत्रफल (रोपनी)</td><td colspan="4"></td></tr>
<tr><td>खेती नगरिएको खेतीयोग्य वा बाँझो जमिनको क्षेत्रफल (रोपनी)</td><td colspan="4"></td></tr>
<tr><td>सिँचित क्षेत्रफल (रोपनी)</td><td colspan="4"></td></tr>
<tr><td>वर्षैभरी सिँचित क्षेत्रफल (रोपनी)</td><td colspan="4"></td></tr>
<tr><td>असिँचित क्षेत्रफल (रोपनी)</td><td colspan="4"></td></tr>
<tr><td>खेती गरिएका प्रमुख बालीको क्षेत्रफल (रोपनी)</td><td>खाद्यान्न बाली</td><td>तरकारी बाली</td><td>फलफूल बाली</td><td>अन्य बाली</td></tr>
<tr><td>वार्षिक उत्पादन (क्वीन्टल)</td><td>खाद्यान्न बाली</td><td>तरकारी बाली</td><td>फलफूल बाली</td><td>अन्य बाली</td></tr>
<tr><td>पशुपन्छी तथा मत्स्य पालन सम्बन्धी</td><td>भैंसी</td><td>गाई</td><td>भेंडा</td><td>बाख्रा, च्याङ्ग्रा</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| विवरण (अधिकतम घरधुरीमा भएको पशुपन्छीमा ठीक चिन्ह लगाउने) | बंगुर | कुखुरा | माछा पोखरी | अन्य |
| वार्षिक उत्पादन (क्वीन्टल /लिटर/गोटा) | दुधः | मासुः | माछाः | अण्डाः |
| खाद्यान्न उत्पादनले खान पुग्ने महिना र घरधूरी संख्या | ३ महिनासम्मः | ३-६महिनासम्मः | ६-९महिनासम्मः | ९-१२ महिनासम्मः |
| | बिक्री गरिनेः | | | |
| **(ख) जलवायु परिवर्तन सम्मुखताको विश्लेषण (पहिलेको अवस्था र अहिलेको अवस्थामा फरक)** | | | | |
| **१) तापक्रममा आएको परिवर्तनको मापन** | | | | |
| १.१. गर्मी याममा तापक्रम परिवर्तन भएको महसुस? | महसुस नभएको | सामान्य बढेको | मध्यम बढेको | अधिक बढेको |
| | | सामान्य घटेको | मध्यम घटेको | अधिक घटेको |
| १.२. जाडो याममा तापक्रम परिवर्तन भएको महसुस? | महसुस नभएको | सामान्य बढेको | मध्यम बढेको | अधिक बढेको |
| | | सामान्य घटेको | मध्यम घटेको | अधिक घटेको |
| **२) वर्षामा आएको परिवर्तनको मापन** | | | | |
| २.१. मनसुनी वर्षामा परिवर्तन भएको महसुस | महसुस नभएको | सामान्य बढेको | मध्यम बढेको | अधिक बढेको |
| | | सामान्य घटेको | मध्यम घटेको | अधिक घटेको |
| | | अगाडि सरेको | पछाडी सरेको | परिवर्तन नभएको |
| २.२. हिउँदे वर्षामा परिवर्तन भएको महसुस | महसुस नभएको | सामान्य बढेको | मध्यम बढेको | अधिक बढेको |
| | | सामान्य घटेको | मध्यम घटेको | अधिक घटेको |
| | | अगाडि सरेको | पछाडी सरेको | परिवर्तन नभएको |
| २.३. पानी पर्ने पटकमा परिवर्तन भएको महसुस | महसुस नभएको | सामान्य बढेको | मध्यम बढेको | अधिक बढेको |
| | | सामान्य घटेको | मध्यम घटेको | अधिक घटेको |
| २.४. पानी पर्ने मात्रामा परिवर्तन भएको महसुस | महसुस नभएको | सामान्य बढेको | मध्यम बढेको | अधिक बढेको |
| | | सामान्य घटेको | मध्यम घटेको | अधिक घटेको |
| **३) प्रकोपको अवस्थामा परिवर्तन** | | | | |
| ३.१. खडेरी/सुख्खा अवधि | परिवर्तन नभएको | सामान्य बढेको | मध्यम बढेको | अधिक बढेको |
| | | सामान्य घटेको | मध्यम घटेको | अधिक घटेको |
| ३.२. बाढीको घटना | परिवर्तन नभएको | सामान्य बढेको | मध्यम बढेको | अधिक बढेको |
| | | सामान्य घटेको | मध्यम घटेको | अधिक घटेको |
| ३.३. पहिरोको घटना | परिवर्तन नभएको | सामान्य बढेको | मध्यम बढेको | अधिक बढेको |
| | | सामान्य घटेको | मध्यम घटेको | अधिक घटेको |
| ३.४. भू-क्षयको घटना | परिवर्तन | सामान्य बढेको | मध्यम बढेको | अधिक बढेको |

| | | | | |
|---|---|---|---|---|
| | नभएको | सामान्य घटेको | मध्यम घटेको | अधिक घटेको |
| ३.५. असिनाको मात्रा | परिवर्तन | सामान्य बढेको | मध्यम बढेको | अधिक बढेको |
| | नभएको | सामान्य घटेको | मध्यम घटेको | अधिक घटेको |
| ३.६. हिमपातको घटना | परिवर्तन | सामान्य बढेको | मध्यम बढेको | अधिक बढेको |
| | नभएको | सामान्य घटेको | मध्यम घटेको | अधिक घटेको |
| ३.७. तुषारो/हुस्सुको अवधि | परिवर्तन | सामान्य बढेको | मध्यम बढेको | अधिक बढेको |
| | नभएको | सामान्य घटेको | मध्यम घटेको | अधिक घटेको |
| ३.८. हावाहुरीको घटना | परिवर्तन | सामान्य बढेको | मध्यम बढेको | अधिक बढेको |
| | नभएको | सामान्य घटेको | मध्यम घटेको | अधिक घटेको |
| ३.९. शीतलहरको अवधि | परिवर्तन | सामान्य बढेको | मध्यम बढेको | अधिक बढेको |
| | नभएको | सामान्य घटेको | मध्यम घटेको | अधिक घटेको |
| ३.१०. लू (तातो हावा) को | परिवर्तन | सामान्य बढेको | मध्यम बढेको | अधिक बढेको |
| अवधि | नभएको | सामान्य घटेको | मध्यम घटेको | अधिक घटेको |
| ३.११. आगलागीको घटना | परिवर्तन | सामान्य बढेको | मध्यम बढेको | अधिक बढेको |
| | नभएको | सामान्य घटेको | मध्यम घटेको | अधिक घटेको |
| ३.१२. रोग-किरा प्रकोप | परिवर्तन | सामान्य बढेको | मध्यम बढेको | अधिक बढेको |
| | नभएको | सामान्य घटेको | मध्यम घटेको | अधिक घटेको |
| ३.१३. नयाँ रोग किराको प्रकोप देखिएको छ ? | छ | छैन | कस्तो? | |
| ३.१४. पानीको मुहान/स्रोत सुकेको वा घटेको छ ? | छ | छैन | | |
| **४) बाली र पशुपन्छीको व्यवहारमा देखिएको परिवर्तनको मापन** | | | | |
| **रैथाने बालीको खेती प्रणाली र पशुपन्छीको व्यवहारमा आएको परिवर्तनको मापन** | | | | |
| ४.१. बाली लगाउने समय | | परिवर्तन नभएको | अगाडी सरेको | पछाडी सरेको |
| ४.२. फूल फुल्ने समय | | परिवर्तन नभएको | अगाडी सरेको | पछाडी सरेको |
| ४.३. फल लाग्ने समय | | परिवर्तन नभएको | अगाडी सरेको | पछाडी सरेको |
| ४.४. बाली भित्राउने समय | | परिवर्तन नभएको | अगाडी सरेको | पछाडी सरेको |
| ४.५. स्थानीय प्रजातिको बाली लोपको अवस्था | | लोप नभएको | लोप हुने अवस्थामा | लोप भएको |

गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पोखरा, नेपाल

| | | | | |
|---|---|---|---|---|
| ४.६. नयाँ प्रजाति झारपात | | देखा नपरेको | देखा परेको | |
| ४.७. पशुको बाली जाने याम (प्रजनन सिजन) मा परिवर्तन | | परिवर्तन नभएको | अगाडी सरेको | पछाडी सरेको |
| ४.८. पशुले भाले खोजेको समयमा देखाउने लक्षणहरुमा परिवर्तन | | नभएको | भएको | |
| ४.९. घुम्ती गोठ सार्ने समय | | परिवर्तन नभएको | अघि सरेको | पछि सरेको |
| ४.१०. पशुहरुमा नयाँ रोगहरुको प्रकोप | | नदेखिएको | देखिएको | |
| ४.११. चरनखर्कमा रैथाने घाँसको अवस्था | | परिवर्तन नभएको | घटेको | बढेको |
| ४.१२. चरनखर्कमा मिचाहा प्रजातीका वनस्पतिको प्रकोप | | नभएको | घटेको | बढेको |
| **(ग) जलवायु परिवर्तन संवेदनशिलताको विश्लेषण** | | | | |
| **जलवायुजन्य प्रकोप जस्तै बाढी, पहिरो, भूक्षय, हावाहुरी, असिना, खडेरी, चटयाङ आदिले पारेको असरको मापन** | | | | |
| १.१.कृषि भूमिको क्षति | नभएको | सामान्य | मध्यम | अधिक |
| १.२. खडा बालीमा भएको नोक्सानी | नभएको | सामान्य | मध्यम | अधिक |
| १.३. बाली उत्पादनमा ह्रास | नभएको | सामान्य | मध्यम | अधिक |
| १.४. पशुमा भएको क्षति | नभएको | सामान्य | मध्यम | अधिक |
| १.५. वन क्षेत्रको नोक्सानी | नभएको | सामान्य | मध्यम | अधिक |
| १.६. जैविक विविधतामा ह्रास | नभएको | सामान्य | मध्यम | अधिक |
| **घ) अनुकूलन क्षमताको मापन** | | | | |
| **जलवायुमैत्री कृषि प्रविधि अवलम्वन अवस्थाको मापन** | | | | |
| १. नयाँ बालीको खेती | | गरेको | नगरेको | |
| २. उन्नत जातको प्रयोग | | गरेको | नगरेको | |
| ३. सुख्खा वा बाढी सहन सक्ने बालीको जातको खेती | | गरेको | नगरेको | |
| ४. रोग किरा सहन सक्ने बालीको जातको खेती | | गरेको | नगरेको | |
| ५. बाली लगाउने समयमा परिवर्तन | | गरेको | नगरेको | |
| ६. नियमित माटो परीक्षण | | गरेको | नगरेको | |
| ७. प्राङ्गारिक/गोबरमल/जैविक मलको प्रयोग | | गरेको | नगरेको | |
| ८. जैविक विषादीको प्रयोग | | गरेको | नगरेको | |

| | | | |
|---|---|---|---|
| ९.एकिकृत शत्रुजिव व्यवस्थापन बिधि प्रयोग | गरेको | नगरेको | |
| १०. खेतीको लागि संरक्षित संरचनाको प्रयोग | गरेको | नगरेको | |
| ११. थोपा सिँचाइको प्रयोग | गरेको | नगरेको | |
| १२. मल्चिङ्गको प्रयोग | गरेको | नगरेको | |
| १३. रासायनिक मलको प्रयोग | गरेको | नगरेको | |
| १४. रासायनिक विषादीको प्रयोग | गरेको | नगरेको | |
| १५. कृषि वन प्रणालीको अवलम्वन | गरेको | नगरेको | |
| १६. कृषि तथा पशुपन्छी बीमा | गरेको | नगरेको | |
| १७. बाली पात्रोको अवलम्वन | गरेको | नगरेको | |
| १८. मौसमी जानकारी प्राप्ति | गरेको | नगरेको | |
| १९. कृषि मौसम सल्लाहको प्राप्ति तथा अनुसरण | गरेको | नगरेको | |
| २०. परम्परागत वा नयाँ विधिबाट आकाशे पानी संकलन | गरेको | नगरेको | कुन विधिबाट गरेको? |
| २१. पानी निकासको व्यवस्था | गरेको | नगरेको | |
| २२. उन्नत जातको पशुपालन | गरेको | नगरेको | |
| २३. गोठ तथा भकारो सुधार | गरेको | नगरेको | |
| २४.उन्नत घाँस खेती | गरेको | नगरेको | |
| २५. सुख्खा वा बाढी सहन सक्ने घाँसे प्रजातीको खेती | गरेको | नगरेको | |
| २६. पशुवस्तुका लागि सन्तुलित आहारको व्यवस्थापन | गरेको | नगरेको | |
| २७. पशुलाई मिनरल ब्लक खुवाउने अभ्यास | गरेको | नगरेको | |
| २८. पशुवस्तुलाई नुहाइदिने वा आहाल बस्ने व्यवस्था | गरेको | नगरेको | |
| २९. गोबरग्यास प्लान्टको निर्माण र प्रयोग | गरेको | नगरेको | |
| ३०. पशुवस्तुलाई बालीका अवशेष (नल, पराल, ढोडर छवाली आदि) खुवाउदा उपचार गर्ने (टुक्रा पार्ने, भिजाउने, दानासंग मिसाउने आदि) अभ्यास | गरेको | नगरेको | |

**ङ) विगत १० वर्षमा जलवायुजन्य जोखिमको अवस्था र त्यसले पारेको प्रभाव**

| **क्र.सं** | **जलवायुजन्य जोखिम** | **जोखिम उत्पन्न भएको साल** | **जोखिम उत्पन्न भएको पटक** | **पारेको प्रभाव/क्षति विवरण** |
|---|---|---|---|---|
| १ | बाढी | | | |

| | | | | |
|---|---|---|---|---|
| २ | पहिरो/भू-क्षय | | | |
| ३ | हावाहुरी | | | |
| ४ | खडेरी | | | |
| ५ | चट्याङ | | | |
| ६ | असिना | | | |
| ७ | लामो अवधिको हिमपात | | | |
| ८ | हिमपात नपरेको | | | |
| ९ | कृषि तथा पशुपन्छी क्षेत्रमा महामारी (रोग किरा)को प्रकोप | | | |
| १० | अन्य भएमा उल्लेख गर्ने | | | |